



# राष्ट्रिय वाणिज्य बैंक लिमिटेड समाचार

देशको आर्थिक सामाजिक विकासमा ५७ वर्षदेखि समर्पित – राष्ट्रिय वाणिज्य बैंक लि.

वर्ष ३१ अंक १ | असोज २०८० | Year 31 Vol 1 | Sept.-Oct. 2023


## राष्ट्रिय वाणिज्य बैंकको वालिङ शाखाको समुद्घाटन

### आर्थिक विकासमा बैंकको भूमिका महत्वपूर्ण हुने : माननीय मन्त्री धनराज गुरुङ

**काठमाडौं, २४ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको स्याङ्जा जिल्लाको वालिङ नगरपालिका वडा न.८ स्थित शाखा कार्यालय वालिङ को समुद्घाटन भएको छ । माननीय कानून, न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले आईतबार विधिवत रुपमा उक्त शाखाको समुदघाट्न गर्नुभएको छ । यस पश्चात बैंकको देशभर २८४ वटा शाखा कार्यालय सञ्चालनमा आएको छ ।




उक्त अवसरमा माननीय मन्त्री धनराज गुरुङले सरकारी बैंक राष्ट्रिय वाणिज्य बैंकले शाखा विस्तार गरेकोमा खुशी लागेको बताउदै नगरको आर्थिक विकासमा बैंकको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । उहाँले व्यवसायीहरुलाई आफ्नो आर्थिक कारोबार बैंकसँग जोडिएर गर्न आग्रह गर्नुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले रा.वा. बैंकको कर्जाको ब्याजदर तुलनात्मक रुपमा कम भएको र निक्षेपमा आकर्षक ब्याजदर भएकाले व्यवसायीहरुलाई निर्धक्कसँग बैंकिङ्ग कारोबार गर्न आग्रह गर्नुभयो ।

गण्डकी प्रदेशका प्रादेशिक प्रबन्धक प्रमोद अधिकारीको सभापितत्वमा सम्पन्न भएको कार्यक्रममा वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँड, वालिङ नगरका विभिन्न वडाका वडा अध्यक्षहरु, राजनीतिक दलका स्थानीय प्रतिनिधिहरु, समाजसेवीहरु, उद्योगी व्यवसायीहरु, नेपाली सेना, नेपाल प्रहरी, अन्य स्थानीय संघसस्थाका प्रतिनिधिहरु, बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मी, विभागीय प्रमुख आनन्द सुवेदी, बागमती प्रदेशका प्रादेशिक प्रबन्धक ध्रुव अर्याल, शाखा प्रबन्धकहरु, कर्मचारीहरु लगायत सर्वसाधारणहरुको उपस्थिति रहेको थियो । कार्यक्रम प्रबन्धक जितेन्द्रसिंह थापाले सञ्चालन गर्नुभएको थियो । ■

## शाखा कार्यालय लहानको नवनिर्मित भवनको उद्घाटन

**काठमाडौं, ७ असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड शाखा कार्यालय लहानको सिरहा जिल्ला लहान न.पा. -६ गणेश चोक स्थित नवनिर्मित भवनको उद्घाटन गरिएको छ । मधेश प्रदेशका माननीय मुख्यमन्त्री सरोजकुमार यादबले एक समरोहका बीच शिलापत्र अनावरण गरी रिबन काटेर नवनिर्मित भवनको उद्घाटन गर्नुभएको हो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठको अध्यक्षतामा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि एवं माननीय मुख्यमन्त्री सरोजकुमार यादबले कृषि तथा अन्य क्षेत्रको उत्पादन बढाउन प्रदेश सरकारले रा.वा.बैंकसँग सहकार्य गर्ने बताउँदै बैंक मार्फत किसानलाई अनुदान समेत दिन तयार रहेको बताउनुभयो । बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले अहिले रा.वा.बैंकको कर्जाको ब्याजदर सबैभन्दा कम रहेको बताउँदै व्यवसायीहरुलाई रा.वा.बैंकसँग व्यवसायीक कारोबार गर्न आग्रह गर्नुभयो । उहाँले विपन्नवर्गको सशक्तिकरणका लागि विना धिता कर्जा दिने, वित्तीय साक्षरता कार्यक्रम समेत सञ्चालन गरिने बताउनुभयो । उहाँले बैंकले प्रदान गर्ने आधुनिक डिजिटल बैंकिङ्ग सेवाका लागि सबै किसिमले उपयुक्त हुने गरी शाखाको आफ्नै भवन निर्माण गरिएको बताउनुभयो ।

बैंकका उपकार्यकारी अधिकृत पवन रेग्मीले स्वागत मन्तव्य व्यक्त गर्नु भएको कार्यक्रममा



ब्रान्च अपरेशन विभागका प्रमुख आनन्द सुवेदीले कार्यक्रम सञ्चालन गर्नुभएको थियो । कार्यक्रममा माननीय संघीय सांसदहरु रामशंकर यादब, गंगाप्रसाद यादब तथा माननीय प्रदेश सांसदहरु राजेन्द्र चौधरी, राजकुमार गुप्ता, ललिता दाश, बैंक सञ्चालक समिति सदस्य दिलिपकुमार ढुङ्गाना, प्रमुख जिल्ला अधिकारी राजेन्द्रदेव पाण्डे, बैंकका उपकार्यकारी अधिकृत विनयरमण पौडेल, विभागीय प्रमुख दामोदर ज्ञवाली, मधेश प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक कमलेश ठाकुर, कोशी प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धक दिपकराज न्यौपाने, शाखा प्रबन्धकहरु, स्थानीय, जनप्रतिनिधि, व्यवसायी, सञ्चारकर्मी, कर्मचारीहरु लगायतको उपस्थिति रहेको थियो । ■

# राष्ट्रिय वाणिज्य बैंकद्वारा १४ अर्ब ९१ करोड रुपैया सहुलियतपूर्ण कर्जा लगानी


**काठमाडौं, ३ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडले २०८० असार मसान्त सम्ममा ब्याज अनुदान सम्बन्धी सहुलियतपूर्ण कर्जामा १४ अर्ब ९१ करोड ५४ लाख ९५ हजार रुपैंया कर्जा लगानी गरेको छ । कुल १२ हजार एक सय ९५ जना ऋणिहरुलाई विभिन्न शिर्षकमा सहुलियतपूर्ण कर्जा लगानी गरिएको कृषि तथा सामाजिक बैकिङ्ग विभागका विभागीय प्रमुख ऋषब भट्टराईले बताउनुभयो ।

सो मध्ये बैंकले आठ हजार आठ सय २३ जना ऋणिहरुलाई १२ अर्ब २१ करोड ५४ लाख नौ हजार रुपैया विना धितो(परियोजना धितो) वा धितो सहितको व्यवसायिक कृषि तथा पशुपन्छी कर्जा, ४६ जनालाई दुई करोड ५५ लाख ६० हजार रुपैया शिक्षित युवा स्वरोजगार कर्जा, ९० जनालाई छ करोड ५० लाख रुपैया विदेशबाट फर्केका युवा परियोजना कर्जा, दुई हजार नौ सय ६१ जनालाई दुई अर्ब ४२ करोड ९८ लाख ६६ हजार रुपैंया महिला उद्यमशील कर्जा, एक सय ५९ जनालाई नौ करोड ३१ लाख ४० हजार रुपैया दलित सहुदाय व्यवसाय विकास कर्जा, २८ जनालाई एक करोड १७ लाख ७० हजार रुपैया उच्च र प्राविधिक तथा व्यवसायिक शिक्षा कर्जा, ८६ जनालाई दुई करोड ४७ लाख ५० हजार रुपैया भुकम्प पिडितहरुको निजी आवास निर्माण कर्जा, दुई जनालाई पाँच करोड रुपैया कपडा उद्योग सञ्चालन कर्जा लगानी गरेको छ ।

सहुलियतपूर्ण कर्जाका लागि ब्याज अनुदान सम्बन्धी एकिकृत कार्यविधि, २०७५ लागू भएपछि बैंकले देशमा उद्यमशीलताको प्रवर्द्धन गरी उत्पादन एवं रोजगारी अभिबृद्धिमा सहयोग पुर्‍याउन यो कर्जा लगानी गरिरहेको छ । कार्यविधिमा बैंकको आधार दरमा दुई प्रतिशत प्रिमियम थप गरी महिला उद्यमशील कर्जाको हकमा छ प्रतिशत र अन्य कर्जाको हकमा पाँच प्रतिशत नेपाल सरकारले ब्याज अनुदान दिई सहुलियतपूर्ण कर्जाको ब्याजदर निर्धारण गरिने व्यवस्था गरिएको छ । ■

# आर.वि.वि.सेक्युरिटिज कम्पनीलाई धितोपत्र व्यवसाय गर्ने अनुमतिपत्र प्राप्त


नेपाल धितोपत्र बोर्ड
अनुमतिपत्र नं. ८०
खुमलटार, ललितपुर
धितोपत्र ब्यवसाय गर्ने अनुमतिपत्र

दरबारमार्ग, काठमाण्डौमा मुख्य कार्यालय रहेको आर.वि.वि. सेक्युरिटिज कम्पनी लि. लाई धितोपत्र सम्बन्धी ऐन तथा यस अन्तर्गत बनेका नियम, विनियम तथा अन्य प्रचलित कानुनको अधिनमा रही सिमित कार्य गर्ने धितोपत्र दलाल ब्यवसायीको रुपमा धितोपत्र ब्यवसाय गर्न यो अनुमतिपत्र प्रदान गरिएको छ ।

नविकरण भएमा बाहेक यो अनुमतिपत्रको वहाली २०८१ आषाढ मसान्त सम्म हुने छ ।

अनुमतिपत्र दिने पदाधिकारीको
नाम : रमेश कुमार हमाल
पद : अध्यक्ष
दस्तखत :
मिति :२०८०।०४।३१

बोर्डको छाप :

**काठमाडौं, १ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको पूर्ण स्वामित्वमा स्थापना भएको सहायक कम्पनी आर.वि.वि.सेक्युरिटिज कम्पनी लिमिटेडलाई नेपाल धितोपत्र बोर्डले सिमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको रुपमा धितोपत्र व्यवसाय गर्न अनुमतिपत्र प्रदान गरेको छ ।

२० करोड रुपैया चुक्तापुँजी रहेको सेक्युरिटिज कम्पनीले नेपाल स्टक एक्स्चेन्जको सदस्यता प्राप्त भएपश्चात् निकट भविष्यमा नै स्टक ब्रोकरको कारोबार सुरु गर्नेछ । हाल शहरी क्षेत्रमा मात्र सिमित रहेको धितोपत्र दोस्रो बजारको कारोबारलाई ग्रामिण क्षेत्रमा समेत आफ्नो कार्यक्षेत्र विस्तार गर्दै लैजाने र दूरदराजमा रहेका जनताहरुले पनि पुँजी बजारको सेवा लिन सकिने विश्वास गरिएको छ । यसअघि बैंकले मर्चेन्ट बैंकिङ्ग सम्बन्धी कारोबार गर्नका लागि सहायक कम्पनीको रुपमा आर.वि.वि.मर्चेन्ट बैंकिङ्ग लिमिटेडको स्थापना गरी मर्चेन्ट बैंकिङ्गको सेवा प्रदान गरिरहेको छ । ■

# नगद तथा सुन चाँदी सम्बन्धी तालिम

**काठमाडौं, २६ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड सिकाई तथा विकास विभागको आयोजनामा नगद तथा काउण्टरमा कार्यरत कर्मचारीहरुलाई लक्षित गरी विभिन्न स्थानमा तालिम आयोजना गरिएको छ । काठमाडौंमा भदौ ८ देखि ११ गते सम्म ७९ जना कर्मचारी, बर्दिबासमा भदौ १६ देखि १७ गते सम्म ४३ जना कर्मचारी, नारायणगढमा भदौ २१ देखि २२ गते सम्म ३४ जना कर्मचारी, धनगढीमा भदौ २१ देखि २२ गते सम्म ३८ जना कर्मचारी, इटहरिमा भदौ २३ देखि २४ गते सम्म ६८ जना कर्मचारी र सुर्खेतमा भदौ २५ देखि २६ गते सम्म ३४ जना कर्मचारीलाई तालिम प्रदान गरिएको छ ।

सुनचाँदी पहिचान, ढुकुटी सुरक्षा व्यवस्थापन, सञ्चालन जोखिम व्यवस्थापन, ग्राहक सम्बन्ध व्यवस्थापन, एएमएल/सिएफटीको विषयमा आन्तरीक तथा बाहृय प्रशिक्षकबाट विषयगत तालिम प्रदान गरिएको छ । ■



# बैंकको विभागीय प्रमुख स्तरीय गोष्ठी सम्पन्न



**काठमाडौं, १ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लि.को वार्षिक लक्ष्य, प्रगति, समिक्षा विभागीय प्रमुख स्तरीय गोष्ठीहरु सम्पन्न भएका छन् । "आ.व.२०७९/०८० को लक्ष्य, प्रगति, समिक्षा तथा आ.व.२०८०/०८१ को बजेट कार्यान्वयन रणनीतिक गोष्ठी" सम्पन्न भएका छन् । भक्तपुर स्थित द टेरेसेस रिसोर्टमा मिति २०८० श्रावण ६ र ७ गते सम्पन्न भएको विभागीय प्रमुख स्तरीय गोष्ठीको उद्‌घाटन बैंक सञ्चालक समितिका अध्यक्ष डा.बलराम पाठकले एक समारोहका बीच गर्नुभएको थियो । सो अवसरमा मन्तव्य व्यक्त गर्दै अध्यक्ष डा.बलराम पाठकले बैंकको गत वर्ष लिएको लक्ष्य पूर्ण रुपमा पुरा नभएतापनि धेरै हदसम्म पूरा गर्न सकेकोमा सिङ्गो बैंक व्यवस्थापनलाई धन्यबाद दिनुभयो । अध्यक्ष डा.पाठकले मन्तव्यको क्रममा यसवर्ष धेरै मेहनत गरेर हामीले बजेट बनाएका छौ, बजेट बैज्ञानिक छ यसलाई मुल रुपमा दस्तावेजको रुपमा अध्ययन गरी पूर्ण रुपमा कार्यान्वयन गर्नु तपाई हमी सबैको कर्तव्य हो भन्नुभयो ।

दुई दिवशीय उक्त गोष्ठीको उद्‌घाटन कार्यक्रम पश्चात बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले आ.व. २०८०/०८१ को बजेट कार्यान्वयन सम्बन्धी प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणको क्रममा उहांले हामी यस्तो बिषम परिस्थितिमा रहेका छौ, सरकारले बैंकमा पुंजी थप्यो भने वा पुनरसंरचना गर्‍यो भने मात्र हामीलाई राहत हुन सक्दछ, अन्यथा हामी नाफाको हिसाबले पनि टप टेन बाट बाहिरिन सक्छौ भन्नुभयो । उहांले चालु आ.व.को बजेटमा मुख्य रुपमा गुणस्तरमा जोड दिईने कार्यक्रम रहेको छ, जस्तै बैंकको सम्पत्तिमा मानव संशाधनमा र कर्मचारीहरुमा पनि उल्लेख्य रुपमा गुणस्तरमा सुधार ल्याउनु पर्ने अहिलेको आवश्यकता हो भन्नुभयो । उहांले यस वर्षदेखि कर्मचारीहरुको सेवा सुविधामा पनि उल्लेख्य बृद्धी भएको तथा जिम्मेवारीमा रहेका कर्मचारीहरुलाई जिम्मेवारी भत्ता समेतको व्यवस्था गरिएकाले तपाईंहरुले थप जिम्मेवारी बोध गरी यस बर्षको बजेट कार्यान्वयनका लाग्नुपर्ने बताउनुभयो ।

बैंक सञ्चालक समितिका अध्यक्ष, बैंक व्यवस्थापन समितिका पदाधिकारीहरु, बैंकका २३ जना विभागीय प्रमुखहरु, सात जना प्रादेशिक प्रबन्धकहरु, मुख्य शाखा कार्यालय तथा कर्पोरेट शाखाका शाखा प्रबन्धकहरुको सहभागिता रहेको उक्त गोष्ठीमा बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

गोष्ठीको तेश्रो चरणमा बैंकको मुख्य शाखा कार्यालय तथा कर्पोरेट शाखाका शाखा प्रबन्धकहरु, सात जना प्रादेशिक कार्यालयका प्रादेशिक प्रबन्धकहरु, सबै विभागका विभागीय प्रमुखहरुले आ-आफ्नो कार्यालयको तर्फबाट प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणको समयमा बैंकका प्रमुख कार्यकारी अधिकृत, नायब प्रमुख कार्यकारी अधिकृतहरु, उपकार्यकारी अधिकृतहरु तथा विभागीय प्रमुखहरुले बिषयगत रुपमा बिभिन्न जिज्ञासाहरु राख्नु भएको थियो । सो जिज्ञासा उपर बैंकका प्रमुख कार्यकारी अधिकृतहरु तथा नायब प्रमुख कार्यकारी अधिकृतहरुले जवाफ दिनु भएको थियो । ■

## तालिम विदेश

Indonesia, Bali मा सञ्चालन भएको Leadership Retreat-2023 मा मिति 2023 Aug 20-25 सम्म उपकार्यकारी अधिकृत पवन रेग्मी र उपकार्यकारी अधिकृत विनयरमण पौडेलले भाग लिनु भएको छ । ■

National Banking Institute Ltd.ले Asian Institute of Technology(AIT) सँगको सहकार्यमा थाइलैण्डको बैंककमा सञ्चालन गरेको Executive Development Program on Contemporay Banking विषयक तालिम कार्यक्रममा मिति 2023 Sep. 4-8 सम्म तपसिल बमोजिमका कर्मचारीहरुले भाग लिनु भएको छ । ■

१. प्रबन्धक भोजराज काफ्ले (११०७०)
२. प्रबन्धक(सु.प्र.) रबिन्द्र पोखरेल (११३९२)
३. प्रबन्धक(सु.प्र.) सुहित श्रेष्ठ (११३९१)
४. प्रबन्धक उमेश नेपाल (११६२७)
५. प्रबन्धक नरसिंह नारायण यादव (११३९४)
६. प्रबन्धक हरिराम पराजुली (१२४३९)
७. प्रबन्धक युवराज उप्रेती (११०९५)
८. प्रबन्धक ताराप्रसाद सापकोटा (११६२३)
९. प्रबन्धक खिलराज भट्टराई (११६२८)
१०.प्रबन्धक विनोद न्यौपाने (११६०८)

## हार्दिक श्रद्धाञ्जली



जन्मः वि.स.२०५४।०७।२९

स्वर्गारोहणः वि.स. २०८०।०३।१२

### स्व. रामलाल कुलाला

**राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय पानवारीमा कार्यरत सहायक रामलाल कुलाला(१३६६५) को मिति २०८० असार १२ गते असमायीक निधन भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना सहित परिवार प्रति समवेदना प्रकट गर्दछौं ।**

राष्ट्रिय वाणिज्य बैंक लि.
परिवार

# राष्ट्रिय वाणिज्य बैंक लि. र नेशनल बैंकिङ्ग इन्स्टिच्युट लि.(NBI) बीच सम्झौता

## एक हजार जना बैंक कर्मचारीहरूको कार्यदक्षता अभिबृद्धिका लागि तालिम दिने

**काठमाडौं, १० असोज**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र नेशनल बैंकिङ्ग इन्स्टिच्युट लिमिटेड (NBI) बीच सर्टिफिकेशन कोर्षको बैंकिङ्ग तालिम सञ्चालन गर्ने सम्बन्धी सम्झौता भएको छ। सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र नेशनल बैंकिङ्ग इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात चालु आ.ब. २०८०/०८१ मा राष्ट्रिय वाणिज्य बैंकका कर्मचारीहरुको कार्यदक्षता अभिबृद्धिका लागि नेशनल बैंकिङ्ग इन्स्टिच्युटले हाललाई एक हजार जना कर्मचारीलाई JANBI, CANBI, Moody's लगायतको सर्टिफिकेशन कोर्षको बैंकिङ्ग तालिम प्रदान गर्ने छ ।

समारोहमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले बैंकले लिएको उद्धेश्य हासिल गर्नको लागि नियमित रुपमा कर्मचारीहरुलाई तालिम दिईरहेको बताउँदै तालिमले तालिम लिने व्यक्ति र संस्था दुबैको



कार्यदक्षता बृद्धि भई जोखिम न्यूनिकरण हुने बताउनुभयो । इन्स्टिच्युटका प्रमुख कार्यकारी अधिकृत कुमार लम्सालले बैंकिङ्ग क्षेत्रमा राष्ट्रिय वाणिज्य बैंकले कर्मचारीलाई प्राथमिकताका साथ तालिम दिने गरेको बताउँदै तालिमले संस्थाको उत्पादकत्वमा बृद्धि हुने बताउनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत सरस्वती अधिकारीले कार्यक्रमबारे प्रकाश पार्नु हुँदै बैंकले कर्मचारीहरुलाई अन्तर्राष्ट्रिय स्तरको तालिम प्रदान गर्ने बताउनुभयो ।

उक्त समारोहमा बैंकका उपकार्यकारी अधिकृतहरु देवेश प्रसाद लोहनी, विनय रमण पौडेल, दुर्गा कुमारी कँडेल, मानव संशाधन विभागका विभागीय प्रमुख भीमप्रसाद घिमिरे, सिकाइ तथा विकास विभागका विभागीय प्रमुख पध्मा लक्ष्मी जि.सी., नेशनल बैंकिङ्ग इन्स्टिच्युटका डिजिएम धन थापा, शैक्षिक निर्देशक प्रमोद बोहरा, बन्दना रोक्का, संझना दाहाल लगायतको उपस्थिति रहेको थियो । ■

**युनियन गतिविधि**

## राबियाको तीज कार्यक्रम सम्पन्न



**काठमाडौं, २९ भदौ**

राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपाल केन्द्रीय महिला विभागको आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीज २०८० को अवसरमा दर खाने तथा शुभकामना आदन-प्रदान कार्यक्रम सम्पन्न भएको छ । रा.वा.बैंक कर्मचारी संघ नेपालकी उपाध्यक्ष एवं केन्द्रीय महिला विभागकी संयोजक लक्ष्मी ज्ञवालीको अध्यक्षतामा आयोजीत उक्त कार्यक्रमको प्रमुख आतिथ्यता राष्ट्रिय सभा सदस्य माननीय सुमित्रा बि.सी.ले गर्नुभएको थियो । सो कार्यक्रममा पेशागत महासंघ नेपाल महिला विभागकी सचिव निमा धिताल, बैंक सञ्चालक समिति सदस्य रोमिला ढकाल उप्रेती, राष्ट्रिय वाणिज्य बैंक कर्मचारी संघ नेपालका अध्यक्ष लक्ष्मीप्रसाद पाण्डेय, रा.बा.बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ समेतले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो । ■

## नेपाल वित्तीय संस्था कर्मचारी संघको तीज कार्यक्रम सम्पन्न



**काठमाडौं, २२ भदौ**

नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय महिला विभागको आयोजनामा नेपाली महिलाहरुको महान चाड हरितालिका तीज २०८० को अवसरमा शुभकामना आदन-प्रदान तथा दर खाने कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रम नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि. की उपाध्यक्ष एवं केन्द्रीय महिला विभागकी संयोजक सपना शाहीको सभापतित्व तथा नेपाली कांग्रेसकी केन्द्रीय सदस्य एवं नेपाल महिला संघकी उपाध्यक्ष धना खतिवडाको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । सो कार्यक्रममा नेपाल वित्तीय संस्था कर्मचारी संघ राष्ट्रिय वाणिज्य बैंक लि अध्यक्ष ईश्वरबहादुर सिंह, रा.बा.बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ समेतले तीजको शुभकामना व्यक्त गर्नुभएको थियो । ■

## नेपाल राष्ट्रिय कर्मचारी संगठनको तीज कार्यक्रम सम्पन्न



**काठमाडौं, २१ भदौ**

नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लि.को आयोजनामा महिलाहरुको महान चाड हरितालिका तीज २०८० को अवसरमा महिला नेतृत्व विकास विषयक प्रशिक्षण, दर खाने तथा शुभकामना आदन-प्रदान कार्यक्रम सम्पन्न भएको छ । नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लि.की कोषाध्यक्ष न्हशला तुलाधरको अध्यक्षतामा आयोजीत उक्त कार्यक्रमको प्रमुख आतिथ्यता नेपाल राष्ट्रिय कर्मचारी महासंघकी कार्यालय सचिव रमा घिमिरेले गर्नुभएको थियो । सो कार्यक्रममा प्रमुख अतिथि रमा घिमिरे तथा नेपाल राष्ट्रिय कर्मचारी संगठन राष्ट्रिय वाणिज्य बैंक लि.का महासचिव उभार पाण्डे लगायतले प्रशिक्षण तथा शुभकामना दिनु भएको थियो । ■

# शाखा प्रबन्धक स्तरीय गोष्ठीहरू सम्पन्न



**काठमाडौं, १ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको प्रादेशिक कार्यालय अन्तर्गत शाखा प्रबन्धक स्तरीय गोष्ठीहरु देशका विभिन्न स्थानहरुमा हालै सम्पन्न भएका छन । "आ.व.२०७९/०८० को लक्ष्य, प्रगति, समिक्षा तथा आ.व.२०८०/०८१ को बजेट कार्यान्वयन रणनीतिक गोष्ठी" नाम दिईएको छ ।

मधेश तथा वागमती प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी महोत्तरी जिल्लाको बर्दिबासमा गत साउन ८ र ९ गते सम्पन्न भयो । मधेश प्रादेशिक कार्यालय अन्तर्गतका ३५ वटा र वागमती प्रादेशिक कार्यालय अन्तर्गत बर्दिबास नजिक पर्ने चितवन, मकवानपुर, सिन्धुली, रामेछाप, दोलखा जिल्लामा रहेका १८ वटा शाखाहरु गरी जम्मा ५३ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।




यसैगरी कोशी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी सुनसरी जिल्लाको इटहरीमा गत साउन १२ र १३ गते सम्पन्न भयो । कोशी प्रादेशिक कार्यालय अन्तर्गतका ५२ वटा शाखाका शाखा प्रबन्धकहरुको गेष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी वागमती तथा कोशी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी काभ्रेपलाञ्चोक जिल्लाको धुलिखेलमा गत साउन १६ र १७ गते सम्पन्न भयो । वागमती प्रादेशिक कार्यालय अन्तर्गतका ५२ वटा र कोशी प्रादेशिक कार्यालय अन्तर्गत रहेका ६ वटा शाखाहरु गरी जम्मा ५८ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी लुम्बिनी तथा गण्डकी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी कास्की जिल्लाको पोखरामा गत साउन २० र २१ गते सम्पन्न भयो । लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतका २२ वटा र गण्डकी प्रादेशिक कार्यालय अन्तर्गत रहेका ३१ वटा शाखाहरु गरी जम्मा ५३ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

यसैगरी सुदूर पश्चिम, कर्णाली तथा लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गतको गोष्ठी बांके जिल्लाको नेपालगञ्जमा गत साउन २६ र २७ गते सम्पन्न भयो । सुदूर पश्चिम प्रादेशिक कार्यालय अन्तर्गतका २४ वटा, कर्णाली प्रादेशिक कार्यालय अन्तर्गतका २४ वटा र लुम्बिनी प्रादेशिक कार्यालय अन्तर्गत रहेका १६ वटा शाखाहरु गरी जम्मा ६४ वटा शाखाका शाखा प्रबन्धकहरुको गोष्ठीमा सहभागिता रहेको थियो ।

बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले एक



भव्य समारोहका बीच पानसमा दिप प्रज्वलन गरी गोष्ठीको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले गत आ.व.को लक्ष्य प्रगती तथा चालु आ.व.को बजेट कार्यान्वयन सम्बन्धी मार्ग निर्देशन मन्तव्य व्यक्त गर्नु भएको थियो । मन्तव्यको क्रममा प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले यसबर्ष कर्मचारीहरुको सेवा सुविधाहरुमा पनि उल्लेख्य रुपमा बृद्धी गर्न सफल भएको हुनाले पनि कर्मचारीबाट संस्थाले पाउनु पर्ने सहयोग अझै बढी पाउनु पर्ने बताउनु भयो । शाखा प्रबन्धकहरुलाई निर्देशन दिदैं उहांले यसबर्ष हामीले हरेक कुरामा गुणस्तर सुधारमा ध्यान दिनु पर्ने र यस बर्षको बजेटको मेन थिम पनि गुणस्तर सुधार गर्ने भएको हुनाले गुणस्तरमा ध्यान दिनु पर्ने र हामीलाई लागेको एउटा आरोप सरकारी पाराको नकारात्मक ट्यागलाई जसरी पनि गुणस्तरीय सेवाको माध्यमबाट हटाउनु पर्ने बताउनुभयो । साथै उहांले भाखा नाघेको कर्जाको अवस्था डरलाग्दो रुपमा देखिएकोले विशेष रुपमा उक्त कर्जाहरु असुलीमा लाग्न प्रादेशिक प्रबन्धक लगायत शाखा प्रबन्धकहरुलाई आग्रह गर्नु भयो । कार्यक्रमको अन्त्यमा नायब प्रमुख कार्यकारी अधिकृत देवेन्दरमण खनालले मन्तव्य सहित गोष्ठीको समापन गर्नु भएको थियो ।

बैंकका नायब प्रमुख कार्यकारी अधिकृतहरु देवेन्द्ररमण खनाल, सरस्वती अधिकारी, उपकार्यकारी अधिकृतहरु विभागीय प्रमुखहरु, प्रादेशिक प्रबन्धकहरु सहित प्रादेशिक कार्यालयका कर्मचारीहरुको सहभागिता रहेको गोष्ठीहरुमा शाखा प्रबन्धकहरुले निर्धारित समयमा आ-आफ्नो शाखाको लक्ष्य, प्रगति, समिक्षा एंव चालु आ.व.को लक्ष्य सम्बन्धी पावर प्वाईन्टको माध्यमबाट प्रस्तुतिकरण गर्नु भएको थियो । प्रस्तुतिकरणको समयमा बैंकका उच्च व्यवस्थापनबाट शाखाका विषयमा जिज्ञासाहरु राख्नु भएको थियो भने शाखा प्रबन्धकहरुले सो जिज्ञासाहरुको जवाफ दिनुभएको थियो ।

दुई दिवशीय रुपमा सञ्चलित गोष्ठीको शाखा प्रबन्धकहरुको प्रस्तुतीकरण देखि कार्यक्रमको अन्त सम्मको कार्यक्रम सञ्चालन ब्रान्च अपरेशन विभागका विभागीय प्रमुख आनन्द सुवेदीले गर्नु भएको थियो भने उद्घाटन कार्यक्रमको सञ्चालन प्रबन्धक जितेन्द्र सिंह थापाले गर्नुभएको थियो । ■

# राष्ट्रिय वाणिज्य बैंकको कार्ड होल्डरहरुलाई ॐ हस्पिटलको उपचारमा बिशेष छुट

**काठमाडौं, ४ भदौ**

राष्ट्रिय वाणिज्य बैंक लिमिटेड र ॐ हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि चाबहिल बीच बैंकका डेबिट-क्रेडिट कार्ड होल्डरहरुलाई हस्पिटलमा उपचार गर्दा विशेष छुट दिने सम्बन्धमासम्झौता भएको छ ।

सम्झौतापत्रमा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ र ॐ हस्पिटलका प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले हस्ताक्षर गर्नुभएको छ । उक्त सम्झौता भएपश्चात बैंकका डेबिट-क्रेडिट कार्ड भएका ग्राहकहरु तथा बैंकका कर्मचारी र कर्मचारीका परिवारलाई हस्पिटलको ओपिडि सेवा, बेड भर्ना, ल्याब टेस्ट, अपरेशन, प्याथोलोजी, फार्मेसी, विभिन्न टेस्ट, डेन्टल सेवा लगायतको अन्य उपचार सेवामा विशेष छुट दिने व्यवस्था मिलाइएको छ ।

कार्यक्रममा बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले पुरानो र प्रतिष्ठित ॐ हस्पिटलमा बैंकका कार्डहोल्डर ग्राहकहरुले उपचारमा छुट पाउनु सकारात्मक भएको बताउनुभयो । उहाँले दुवै संस्थाले एक अर्कामा आफ्नो सेवा सहुलियत दरमा उपलब्ध गराउन सकिने सम्भावना रहेको बताउनुभयो । हस्पिटलका प्रमुख कार्यकारी अधिकृत यमबहादुर महतले निरन्तर स्तरिय स्वास्थ्य उपचार सेवा प्रदान गर्दै आइरहेको ॐ हस्पिटलले एकै छानामुनी आकस्मिक उपचार देखी सघन उपचार अनि पेन मेडिसिन लगायत अन्य ३७ वटा भन्दा बढी विषयहरुमा विशेषज्ञता सेवा उपलब्ध गराउँदै आईरहेको र सो सेवा राष्ट्रिय वाणिज्य बैंकसंग सहकार्यगरी अगाडि बढ्न पाउँदा खुशी लागेको कुरा बताउनुभयो । बैंकका नायब प्रमुख कार्यकारी अधिकृत देवेन्द्ररमण खनालले स्वागत मन्तव्य व्यक्त गर्नुभएको र कार्यक्रम डिजिटल बैंकिङ्ग विभागका विभागीय प्रमुख रिको स्थापितले सञ्चालन गर्नुभएको थियो ।



समारोहमा हस्पिटलका विजनेश डेभलपमेन्ट म्यानेजर विनोद अधिकारी, बैंकका उपकार्यकारी अधिकृतहरु विमल डंगोल, दुर्गाकुमारी कँडेल, विभागीय प्रमुखहरु आनन्द सुवेदी, अच्युत गौतम, बरिष्ठ प्रबन्धक गगनसिंह घिमिरे, प्रबन्धक हेमन्त जि.सी., प्रबन्धक राजेश मानन्धर, सहायक प्रबन्धक ईश्वर उप्रेतीको उपस्थिति रहेको थियो । ■

## ब्राञ्च प्रोफाइल

### (आ.व. २०७७।०७८ को सर्वोत्कृष्ठ शाखा)

### शाखा कार्यालय सानोठिमी (१७३)



कुल निक्षेप = रु. १०,१४,९४,८६,५३३।९६
कुल कर्जा = रु. ९९,७१,७०,१३९।१६
नोक्सान = रु. १६,३३,७४,१८१।४५
कुल ग्राहक संख्या = १३१२७ जना
कुल कर्मचारी संख्या = १४ जना
खराब कर्जा प्रतिशत = ०.०७ प्रतिशत
शाखा प्रबन्धक खिलराज भट्टराई
शाखा कार्यालयको स्थापना मिति= वि.सं. २०५३ पुस
प्रति कर्मचारी:
क.निक्षेप = रु. ७२,४९,६३,३२४।००
ख.कर्जा = रु. ७,१२,२६,४३८।००

**सफलताको रहस्य :**

ग्राहकप्रति जिम्मेवार तथा गुणस्तरीय सेवा, कामप्रति सम्पूर्ण, "कर्म नै धर्म हो" भन्ने मुलमन्त्रलाई आत्मसात गर्दै Team Spirit को विकाश, अनुसाशन तथा नीति नियममा रही कार्यसम्पादन, कर्मचारीहरु बीचमा सुमधुर सम्बन्ध तथा समन्वय, लक्ष्यप्रति सदैव दत्तचित्त भई कार्यसम्पादन नै शाखाको प्रगतिको मुल आधार रहेको छ ।

## समवेदना

यस बैंकका शा.का. दिक्तेलमा कार्यरत ब.स. कृष्णकुमार राई( १०७६१) की पत्नी चन्द्रकुमारी राई, शा.का. मिर्चैयामा कार्यरत सहायक जयप्रकाश साह (८९३२) की माता रुकमा देबी साह, के.का. मानव संशाधन विभागमा कार्यरत सहायक प्रबन्धक मनिषा सिजापती (१२५३४) का ससुरा रुद्रबहादुर पाण्डे, शा.का. मौलापुरमा कार्यरत अन्जना कुमारी राय (१३४३३) का ससुरा भोलानाथ अमात, शा.का. फिक्कलमा कार्यरत सहायक प्रबन्धक राजकुमार सिटौला (१३२५७) का पिता लेखनाथ सिटौला, के.का. सामान्य सेवा विभागमा कार्यरत सवारी चालक महाबल चिडिमार (१२११३) का पिता मनौवा चिडिमार, शा.का. पुर्तिघाटमा कार्यरत सहायक रामहरि न्यौपाने (१२८८०) का पिता हिमलाल न्यौपाने, शा.का. गाइघाटमा कार्यरत सहायक प्रदिपकुमार सिंह (११७१९) का पिता जागेश्वर सिंह थारु, शा.का.दैलेखमा कार्यरत सहायक प्रबन्धक मिना शर्मा (१२०३७) का सासु गुना देबी जोशी, शा.का. बलवाबजारमा कार्यरत ब.स. संजय शर्मा (११६६८) का पिता शेषनाथ शर्मा, शा.का. बनेपामा कार्यरत सहायक प्रबन्धक विनय श्रेष्ठ (१३३११) का पिता नविनकुमार श्रेष्ठ, शा.का. मुगुमा कार्यरत ब.स. रेखा चनरा (१३५२२) का पिता डिल्ली बहादुर चनरा, शा.का.बेनीबजारमा कार्यरत सहायक विश्वनाथ पौडेल (९२३३) का का पिता लिलाधर उपाध्याय पौडेल को केही पहिले निधन भएकोमा दिवंगत आत्माहरुको चिर शान्तिको कामना सहित समवेदना प्रकट गर्दछौं ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईको आफ्नै बैंक

राष्ट्रिय वाणिज्य बैंक लि. परिवार

**प्रकाशक**
राष्ट्रिय वाणिज्य बैंक लिमिटेड
प्रमुख कार्यकारी अधिकृतको कार्यालय
सिंहदरबारप्लाजा, काठमाडौं, फोन: ०१-४२५२५९५, Ext. २४२३
ई-मेल: rbbnl@rbb.com.np
वेबसाइट: www.rbb.com.np

**प्रमुख सल्लाहकार**
किरणकुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

**सल्लाहकार**
देवेश प्रसाद लोहनी
उपकार्यकारी अधिकृत तथा सुचना अधिकारी

**सहायक सम्पादक**
ईश्वर उप्रेती

**डिजाइन**
राजु तामाङ